का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक ७८
- २१ बैशाख २०७७, आइतबार
- 3 May 2020, Sunday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: शनिबार साँझसम्म | | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|---|
| | नेपालमा | ५९ जना | १६ जना | १३०९८ | ८९ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ३४ लाख २६ हजार | १० लाख ९३ हजार | दुई लाख ४० हजार | २० लाख ९३ हजार |




# टऱ्यो दुर्घटना

■ वामदेव गौतम प्रतिनिधिसभाको उम्मेद्वार ■ २५ वैशाखमा स्थायी कमिटी बोलाइयो

सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र देखिएको चर्को विवाद टरेको छ। शनिबार साँझ बसेको सचिवाय बैठकले २५ वैशाखमा स्थायी कमिटी बोलाउने निर्णय गरेको छ भने बैठकमा शीर्ष नेताहरूले आत्मलोचना गरेका छन्।



**मध्यान्ह संवाददाता**
काठमाडौं, २० वैशाख।

अध्यादेश प्रकरण पछाडि सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) देखिएको विवाद तत्काललाई हल भएको छ। उपाध्यक्ष वामदेव गौतमलाई प्रतिनिधिसभा उठाउने निर्णयसँगै सत्तारुढभित्रको विवाद हल भएको संकेत देखिएको छ। बैठक पछाडि पार्टी प्रवक्ता नारायणकाजी श्रेष्ठका अनुसार, बैठकमा अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओली, कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल लगायत शीर्ष नेताहरुले आत्मलोचना गरेका थिए।

प्रधानमन्त्री केपी शर्मा ओली इतर समूहले स्थायी कमिटी बोलाउने माग राख्दै आएका थिए। तर, प्रधानमन्त्री ओली यो माग पूरा गर्ने पक्षमा थिएनन्। सचिवालयले भने बैठक निर्णय गरेको छ। सचिवालय बैठकले २५ वैशाखमा स्थायी कमिटी बैठक बोलाउने निर्णय गरेको छ। शनिबार सकिएको सचिवालय बैठकले २४ वैशाखमा सचिवालय बस्ने र २५ वैशाखमा स्थायी कमिटी बैठक बस्ने निर्णय गरेको छ।

स्रोतका अनुसार, गौतमलाई प्रतिनिधिसभामा लैजाने र उपप्रधानमन्त्रीको प्रस्ताव गरिएको छ। प्रवक्ता श्रेष्ठले भने प्रधानमन्त्री ओलीकै प्रस्तावअनुसार, गौतमलाई प्रधानमन्त्री बनाउन पनि प्रतिनिधिसभामा ल्याउने बातावरण बनाउने निर्णय भएको छ।

## ■ मोडिएको कोर्स

नेकपाभित्रको आन्तरिक विवाद नयाँ होइन। विभिन्न समूह व्यवस्थापन गर्दै नेकपामा नौ सदस्यीय सचिवालय बनेको थियो। नौ सदस्यीय मध्ये अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओली र अध्यक्ष एक पुष्पकमल दाहाल प्रचण्ड एकीकरण पूर्वका पार्टी अध्यक्ष हुन्। बरिष्ठ नेता झलनाथ खनाल तत्कालीन एमाले तर्फका एक पुराना शक्ति केन्द्र हुन्। ओली भन्दा अगाडिका अध्यक्ष खनाल विधानत: तत्कालीन एमालेमा दोस्रो तह तहका नेता थिए। ओली सँग अध्यक्षमा पराजित माधवकुमार नेपालसँग पुरानो गुट छदैछ।

पार्टी उपाध्यक्ष बनेका वामदेव गौतम तत्कालीन एमाले तर्फ माले धारका पार्टी प्रमुख नै थियो। नारायणकाजी श्रेष्ठ माओवादी खेमामा एकता केन्द्र मशालबाट एकीकरण गरी आएका पार्टी प्रमुख हुन्। रामबहादुर थापा बादल एमालेसँग पार्टी एकीकरण गर्नु भन्दा एक वर्ष अगाडि मात्रै अध्यक्ष दाहालसँग पार्टी एकीकरण गरी आएका थिए। ईश्वर पोखरेल र विष्णुप्रसाद पौडेल मात्रै कुनै पार्टी प्रमुख होइनन्। तर, पोखरेल तत्कालीन एमालेका महासचिव थिए भने पौडेलले पार्टी एकीकरणका बेला देखाएको भूमिकाका कारण महासचिव हुन पाएका छन्।

बाँकी पृष्ठ २ मा

# जनस्वास्थ्यमाथि खेलवाड

■ कोरोना रोकथाम उच्च स्तरीय समितिका संयोजक पोखरेल भने राजनीतक भेटवार्तामा
■ मुख्यमन्त्रीहरू पृथ्वीसुब्बा गुरुङ र शंकर पोखरेल राजधानीमा ■ सरकारकै मन्त्री भन्छन्- महामारीकै खतरा छ
■ पैदल हिडेर घर फर्कनेको तातीले सरकारको तीव्र आलोचना भयो

कोभिड-१९ को विश्वव्यापी महामारी विरूद्ध संसार जुधिरहेका बेला सत्तारूढ नेकपा भने पार्टीभित्रको विवादमा अल्भियो। गएको वैशाख ८ गते प्रधानमन्त्री ओलीले पार्टी विभाजन सम्बन्धी अध्यादेश ल्याएपछि कोभिड-१९ रोकथामतर्फ भन्दा पनि सत्ताको ध्यान पार्टीतर्फ तानिनुलाई अधिकारकर्मीहरूले भने जनस्वास्थ्यमाथिको गम्भीर खेलबाड भनेका छन्।

मुलुक अति गम्भीर अवस्थामा रहँदा सत्तारूढ नेकपा नेतृत्व सोच्न समेत नसकिने चलखेलमा अल्मलिएको छ।

■ **श्याम श्रेष्ठ**
राजनीतिक विश्लेषक



**मध्यान्ह संवाददाता**
काठमाडौं, २० वैशाख।

गएको डिसेम्बरबाट देखिएको कोभिड-१९ को महामारीबाट विश्वभर ३४ लाख २२ हजार संक्रमित बनेका छन् भने ६५ हजार बढीको मृत्यु भएको छ। चीनबाट शुरु भएको महामारीबाट अमेरिकामा धेरै जनाको मृत्यु भएको छ। एघार लाख बढी संक्रमित भएको अमेरिकामा ६५ हजारको मृत्यु भएको छ। अमेरिकामा निको हुने बिरामीको संख्या पनि न्यून छ। अमेरिकामा एक लाख ६१ हजार बिरामी मात्रै निको भएका छन्।

महामारीबाट यूरोपेली मुलुक बढी प्रभावित बनेको छ। महामारी रोकथामका लागि गएको चैत ११ गतेदेखि नेपालमा बन्दाबन्दी जारी गरिएको छ। चौथो पटक थपिएको बन्दाबन्दी वैशाख २५ वैशाखमा सकिदैछ। यो अवधिमा नेपालमा संक्रमित संख्या ५९ पुगेको छ। त्यस मध्ये १६ जना निको भएर घर फर्किएका छन्। संक्रमित

बाँकी पृष्ठ २ मा

# साउदीमा कामदारको समस्या चर्कंदो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० बैशाख

वैदेशिक रोजगारीका लागि साउदी अरबमा रहेका नेपाली कामदारहरुले कोरोना भाइरसको संक्रमण दिन प्रति दिन बढ्दै गएपनि आफुहहरुलाई राहत र उद्धारको कुनै कार्यक्रम नल्याएको भन्दै आलोचना गरेका छन्। साउदी अरबमा शनिवारम्म कोरोना भाइरसबाट संक्रमितको संख्या २५ हजार ४५९ पुगेको छ। त्यसमध्ये हालसम्म १७६ जनाको ज्यान गएको छ।

साउदीमा संक्रमितको संख्या बढ्दै जानुमा लकडाउन प्रभावकारी रुपमा कार्यान्वयन नगरिएको हुन सक्ने भन्दै नेपाली कामदारहरुले आफुहरुको चेकजाँच नभएको कारण संक्रमणको शिकार हुनसक्ने चिन्ता व्यक्त गरेका छन्।

जेद्धामा कार्यरत तेह्रथुमका तिलक लुम्बा भन्छन्, 'साउदी सरकारले नै बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म बजार, यातायातलगायत खुला गरिदिएका कारण दैनिक हजारौं मानिसहरु ओहोरदोहोर गर्ने गरेका छन्। तर स्वास्थ्य परीक्षण हुन सकेको छैन।'

साउदीमा संक्रमण बढ्दै जाँदा रोजगारी, तलब तथा खाना र आवासको समस्यामा पर्ने नेपालीहरुको संख्यापनि बढ्दै गएको कपिलवस्तुका राम भरोस दास बताउँछन्। साउदीस्थित नेपाली दूतावासले समेत यस्ता समस्या अवगत गराउँदै दैनिक ठूलो संख्यामा नेपाली नागरिकहरुबाट राजदूतावासमा टेलिफोनबाट गुनासो आउने गरेको जनाएको छ।

दूतावासले कामको सिलसिलामा बिरामी भई वा नियमित औषधि सेवन गरिरहेका, महिला वा दुर्घटनामा परी घाइते भएका नेपालीहरुले प्राथमिकताका साथ आफ्ना समस्याहरु जानकारी दिन अनुरोध गरेको छ। राजदूत महेन्द्र सिंह राजपुतले साउदी अरबमा कोरोना भाइरसको संक्रमणबाट नेपालीहरुलाई बचाउन तथा संक्रमितहरुको उपचार गर्न तत्पर रहेको भन्दै कुनै चिन्ता नलिन आग्रह गर्दै आएका छन्।

दूतावासले कम्पनीबाट निकालिएका, तलव वा खाना नदिई समस्यामा परेका कतिपय नेपाली कामदारहरुको समस्या समाधानमा पनि विशेष पहल गरेर समाधान गरेको बताएको छ। तर समस्यामा पर्ने नेपाली कामदारको संख्या दिनहुँ बढ्दै गएपछि कोरोना महामारीको समयमा त्यहाँ नेपाली कामदारको समस्या दूतावासको सिमित श्रोत साधनका कारण व्यवस्थापन गर्नै नसक्ने गरी विकराल बन्दै गएको कपिलवस्तुका दासको भनाइ छ।

कतिपय नेपाली कामदारहरुले पाउनुपर्ने तलव नपाएको र खल्तीमा रहेको रकम पनि सकिएका कारण समस्यामा पर्न थालेको भन्दै करार अवधि सकिएकालाई सरकारले तत्काल विमान चार्टर गरेर भएपनि स्वदेश फर्काउनुपर्ने माग गरिरहेका छन्।

उनीहरुले सरकारले जहाजको व्यवस्था गरे टिकटको रकम आफैं तिर्ने भन्दै त्यसतर्फ नेपाली दूतावासले पहल थाल्नुपर्ने माग गरेका हुन्। तर नेपाली दूतावासले विमान चार्टर

बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मलेसियामा लकडाउन उल्लंघन गर्ने ७ सय कामदार पक्राउ

**काठमाडौं/मस-** कोरोना भाइरस (कोभिड-१९) नियन्त्रणका नाममा मलेसियामा ठूलो संख्यामा विदेशी कामदारहरुलाई नियन्त्रणमा लिइएको अधिकारकर्मीहरुले आरोप लगाएका छन्। शुक्रबार राजधानी क्वालालम्पुरमा अवैध आप्रवासीविरुद्ध धरपकड गरिएको थियो। त्यहाँ करिब ७ सय आप्रवासीलाई हिरासतमा लिइएको बताइएको छ। त्यसमा कलिला बालबालिकादेखि रोहिँगिया शरणार्थीहरु रहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन्।

मलेसियाका प्रहरी प्रमुख अब्दुल हामिदले सरकारी सञ्चारमाध्यम बेर्नामासँगको कुराकानीमा आप्रवासीहरुलाई स्वतन्त्ररुपमा छोड्दा उनीहरु जथाभावी घुमफिर गर्ने र सरकारी नियकायहरुलाई उनीहरुको लोकेसन ट्रेसिङ गर्न समस्या पर्ने भएकोले नियन्त्रण गरिएको बताएका छन्।

कोरोना महामारीकाबेला सरकारमाथि भार थपेको भन्दै मलेसियामा रोहिँगिया शरणार्थी र आप्रवासी कामदारहरुलाई निशाना बनाउन थालिएको छ। यसअघि पनि अधिकारकर्मीहरुले मलेसियामा नेपालीसहित विदेशी कामदारहरुलाई सामाजिक दुरी कायम गर्ने विश्वव्यापी मान्यता विपरित साँगुरो कोठामा राखेको भन्दै सरकारको आलाचना गरेका थिए।

मलेसियामा वैधानिक रुपमा २० लाख विदेशी कामदार रहेका छन्। तर सरकारी अधिकारीहरुले त्यहाँ कागजात विनाका ठूलो

बाँकी पृष्ठ २ मा

## साउदीले शुल्क फिर्ता दिने

**काठमाडौं/मस-** अन्तर्राष्ट्रिय उडानमा लगाइएको प्रतिवन्धका कारण साउदी अरब जान नपाएका विदेशी कामदारहरुको भिसा रद्ध गर्दा भिसा शुल्क फिर्ता गर्न शुरु गरेको बताएको छ। साउदी अरबको मानव संसाधन तथा सामाजिक विकास मन्त्रालयले परराष्ट्र मन्त्रालयसँगको समन्वयमा भिसा शुल्क फिर्ता गर्ने प्रणालीको शुरुवात गरिएको बताएको साउदी गजेटले उल्लेख गरेको छ।

साउदी अरबले गतमार्च १८ तारिकका दिनदेखि अन्तर्राष्ट्रिय उडानमाथि प्रतिवन्ध लगाएको थियो। भिसा रद्ध र शुल्क फिर्ताको काम सोही मितिबाट लागू गरिएको बताइएको छ। त्यसअघि नेपालसहित थुप्रै देशमा रहेका साउदी अरबका राजदूतवासहरुले रोजगारीका लागि आफ्नो मुलुक आउने कामदारहरुका लागि भिसा जारी गरेका थिए। तर विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) बाट बच्न लगाइएको उडान प्रतिवन्धका कारण

बाँकी पृष्ठ २ मा

# अज्ञात रोगबाट एघार जनाको मृत्यु

**महोत्तरी/रासस-** महोत्तरीको भङ्गाहा र बर्दिवास नगरपालिका जोडिएका बस्तीमा अज्ञात रोगले मर्ने मृतकको सङ्ख्या ११ पुगेको छ। शनिबार बर्दिवास-१२ स्थित इटाभट्टामा काम गर्ने ५५ वर्षीय भारतीय मोतिलाल प्रजापति र भङ्गाहा-६ जमुनियाँका ४८ वर्षीय पलट साहको मृत्यु भएपछि मृतकको सङ्ख्या ११ पुगेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

बर्दिवास-१२ मेघरोल र भङ्गाहा-७ मेघनाथ गोरहन्नामा गत मङ्गलबारयता शुक्रबारसम्म आठजनाको मृत्यु भइसकेको छ। मृत्यु हुनेमा बर्दिवास-१२ का चार, भङ्गाहा-७ का छ र भङ्गाहा-६ का एक रहेका सो कार्यालयले जनाएको छ ती तीनै वडाका बस्ती एकअर्कासँग जोडिएका छन्। भङ्गाहा नगरपालिकाका प्रमुख सञ्जिवकुमार साहले घरेलु मदिराको सेवनले ती स्थानीयको मृत्यु हुनसक्ने प्रारम्भिक अनुमान गरिएको बताउनुभयो। बर्दिवास नगरपालिकाका प्रमुख विदुरकुमार कार्कीले मृत्युको कारण शवपरीक्षण जाँचले निर्क्योल गर्ने जानकारी दिए।

स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाबाट आज डा अमृत पोखरेल र विश्व स्वास्थ्य सङ्गठनका डा सुदिपा खड्का र जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीको टोली यी बस्तीमा पुगेको छ। टोलीले

बाँकी पृष्ठ २ मा

## प्रेस विज्ञप्ति

हालै कुवेत सरकारले त्यहाँ अवैधानिकरुपमा रहेका कामदारहरुलाई सम्बन्धित मुलुकसम्म नै पुऱ्याइ दिने गरी कुनै जरिवाना र अतिरिक्त शुल्क नलिई हवाई टिकटसमेत उपलब्ध गराउने गरी घोषणा गरेको आम-माफी (एम्नेष्टी)बाट हजारौं नेपाली कामदारहरुलाई समेत लाभ पुगेको छ। यसका लागि कुवेत सरकारप्रति हार्दिक आभार प्रटक गर्दछौं। साथै कुवेतमा अवैधानिकरुपमा रहेका र दु:ख कष्ट पाएका धेरैभन्दा धेरै नेपालीहरुलाई यो सुविधा दिलाउन त्यहाँस्थित नेपाली राजदूतावास, गैर आवसिय नेपाली संघ लगायत त्यहा रहेका अन्य नेपाली संघसस्थाले अहोरात्र खटिएर पुऱ्याएको योगदानप्रति पनि धन्यवाद ज्ञापन गर्दछौं। अब एम्नेष्टीका लागि दर्ता भएर कुवेत सरकारको नियमअनुसार क्याम्पमा रहेका अवैधानिक नेपाली कामदारहरुलाई छिटोभन्दा छिटो स्वदेश फिर्ता गराउनु अति आवश्यक छ। यसतर्फ नेपाल सरकार र सम्बन्धित मन्त्रालयको अविलम्व गम्भीर ध्यान जाओस् र कुवेतबाट जतिसक्दो छिटो एम्नेष्टीमा दर्ता भई नेपाल आउन तयार रहेका नेपाली कामदारलाई स्वदेश फिर्ता गराउन अविलम्व कदम चालोस् भन्ने माग गर्दछौं।

**किशोर कुमार केसी**
तृतीय उपाध्यक्ष
तथा
कुवेत संयोजक

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८
E-mail: info@nafea.org.np/nafea@wlink.com.np/ nafea69@gmail.com
Website: www.nafea.org.np/ Facebook: www.facebook.com/nafeaorg

# ६१ हजारको परीक्षण, २३ हजार क्वारेन्टाइनमा




काठमाडौं/मस- कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथामका लागि सरकारले बाहिरबाट आउने शंकास्पद व्यक्तिलाई क्वारेन्टाइनमा राख्ने काम प्रभावकारीरुपमा अघि बढाएको छ।

प्राप्त विवरणअनुसार हाल मुलुकभर २२ हजार ९७८ व्यक्ति क्वारेन्टाइनमा रहेका छन्। सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा १३ हजार ८२३ व्यक्तिलाई क्वारेन्टाइनमा राखिएको छ। प्रदेश नं १ मा दुई हजार ८६५, प्रदेश नं २ मा एक हजार ३९१, वाग्मती प्रदेशमा ५११, गण्डकी प्रदेशमा ६३२, प्रदेश नं ५ मा ११ हजार ३०४, कर्णाली प्रदेशमा पाँच हजार ५७१ व्यक्ति क्वारेन्टाइनमा रहेका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले जानकारी दिए।

हालसम ६१ हजार बढीको स्वास्थ्य परीक्षण गरिएको छ। त्यसमध्ये पिसिआर विधिबाट १३ हजार ९८ र आरडिटीमार्फत ४८ हजार ५२९ व्यक्तिको परीक्षण गरिएको मन्त्रालयले जनाएको छ। पछिल्लो २४ घण्टामा मात्रै एक हजार २५२ को परीक्षण गरिएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार प्रदेश नं १ मा पाँच हजार २८२, प्रदेश नं २ मा पाँच हजार ६८७, वाग्मती प्रदेशमा पाँच हजार ५१५, गण्डकी प्रदेशमा पाँच हजार ४११, प्रदेश नं ५ मा चार हजार २४०, कर्णाली प्रदेशमा पाँच हजार ५७१ र सुदूरपश्चिम प्रदेशमा १३ हजार ८२३ आरडिटी परीक्षण गरिएको हो। हाल काठमाडौंमा चार र उपत्यका बाहिर ८५ गरी ८९ शंकास्पद व्यक्तिलाई आइसोलेसनमा राखेर निगरानी भइरहेको छ।

मन्त्रालयले कल सेन्टरमा दुई हजार ८४ कलको सम्बोधन गरिएको जनाएको छ। अहिले स्वमूल्यांकन विवरण बुझाउनेको संख्या २९ हजार पुगेको छ। हाल ३१९ जना रेड जोनमा रहेका र उनीहरुलाई ट्रेसिङ गर्ने कार्य जारी रहेको छ।

विराटनगरमा कोशी अस्पतालको प्रयोगशालामा पिसिआर विधिबाट परीक्षण भइरहेकामा त्यहाँ रहेको प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाबाट समेत परीक्षण शुरु भएकाले कूल १७ स्थानबाट सेवा थालिएको डा देवकोटाले जानकारी दिए।

शनिबार पनि कोभिड-१९ संक्रमितको संख्या ५९ नै रहेको मन्त्रालयले जनाएको छ। जसमध्ये ४९ जना पुरुष र १० महिला छन्। हालसम्म १६ जना निको भएर फर्किएका छन्। कूल ४३ जना उपचाररत छन्। रुपन्देही, नेपालगञ्ज, भरतपुर र धनगढीमा एक/एक, वीरगञ्जमा आठ र विराटनगरमा ३१ जना उपचाररत छन्। सबैको स्वास्थ्य अवस्था सामान्य रहेको मन्त्रालयले जनाएको छ।

### टऱ्यो...

तसर्थ, नेकपाको सचिवालयमा सधैं शक्ति केन्द्रहरुबीच टकराव हुँदै आएको छ। पछिल्लो प्रकरण भने गएको फागुन १८ गते पार्टीको सचिवालयबाट सर्वसहमत रुपमा उपाध्यक्ष गौतमलाई राष्ट्रियसभामा पठाउने निर्णयपछि शुरु भएको हो। उनलाई राष्ट्रियसभामा पठाउने सर्वसहमत निर्णय बिपरीत प्रधानमन्त्री ओलीले अर्थमन्त्री युवराज खतिवडालाई नै निरन्तरता दिने अडान लिएका थिए। विभिन्न कालखण्डमा प्रधानमन्त्री ओलीसँग असन्तुष्ट देखिएका प्रचण्ड, खनाल, नेपालले गौतमलाई साथ दिन पुगे। यसले अल्पमतमा परेका ओलीले मिर्गौला प्रत्यारोपण पछाडि केही समय आराम गरेर लकडाउनकै समयमा अध्यादेशको अस्त्र प्रहार गरेका थिए। जसले नेकपाभित्र नयाँ तरंग उठ्न पुग्यो।

यतिसम्म कि प्रधानमन्त्री र अध्यक्ष दुवै पदबाट ओलीलाई हटाउने तयारी भएको थियो। जसमा महासचिव पौडेलको समेत समर्थन थियो। तर, एकाएक पौडेलले खेमा परिवर्तन गर्दै प्रधानमन्त्रीलाई नै साथ दिन आइपुगे।

### जनस्वास्थ्यमाथि...

हुनेमा ४९ जना पुरुष र १० महिला छन्। रुपन्देही, नेपालगञ्ज, भरतपुर र धनगढीमा एक/एक, वीरगञ्जमा आठ र विराटनगरमा ३१ जना संक्रमित उपचाररत छन्।

स्वास्थ्य मन्त्रालयका अनुसार, अहिले मुलुकभर २२ हजार ९७८ जना क्वारेन्टिइनमा छन्। हालसम्म ६१ हजार बढीको स्वास्थ्य परीक्षण गरिएको छ। त्यसमध्ये पिसिआर विधिबाट १३ हजार ९८ र आरडिटीमार्फत ४८ हजार ५२९ व्यक्तिको परीक्षण गरिएको मन्त्रालयले जनाएको छ। तर, यो भन्दा बढी क्षति भने बन्दाबन्दी लम्बिएसँगै नेपालको अर्थतन्त्रमा पुगेको छ। कृषिमन्त्री घनश्याम भूसालले महामारीकै संकेत दिएका छन्। त्यसको तयारी गर्न स्थानीय तहलाई पत्र नै पठाइसकेका छन्।

बिना तयारी गरिएको बन्दाबन्दीले कार्यस्थलमा रोकिएका नागरिक पैदल हिडेर घर फर्किएका कहरबारे सरकारको कडा आलोचना नै भइरहेको छ। स्वास्थ्य सामग्री खरीद प्रक्रियामा समेत आलोचित नेकपा सरकार अहिले पनि बन्दाबन्दीबारे कार्यनीति तयार गर्नु भन्दा पनि पार्टीभित्रको आन्तरिक विवादमा अल्मलिएको छ। बन्दाबन्दीकै अवधिमा राष्ट्रिय एकता कायम गर्नुपर्ने बेला दायित्व बिपरीत सरकारले दल विभाजन सम्बन्धी अध्यादेश ल्यायो। यसले विपक्षी दलहरु नेकपा सरकार विरुद्ध खनिए। मधेश केन्द्रीत समाजवादी पार्टी विभाजन गर्ने विभाजन गर्ने खुला प्रयास भयो, तर विभाजन नभएर समाजवादी पार्टीले राष्ट्रिय जनता पार्टीसँग एकता गऱ्यो। कतिसम्म भने पार्टीभित्रको विवाद चर्किए पछि मुख्यमन्त्रीहरु समेत काठमाडौंमै बसिरहेका छन्।

प्रदेश-५ का मुख्यमन्त्री शंकर पोखरेल दुई हप्ता लामो काठमाडौंमा राजनीतिक सक्रियतामा रहे भने गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ काठमाडौंमा छन्। कोरोना रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समितिका संयोजक रहेका ईश्वर पोखरेल आफ्नो काम छोडेर पार्टीभित्र आन्तरिक विवादमा अल्मलिए। राजनीतिक विश्लेषक सरकारले सामान्य मानवीय संयेमता समेत गुमाउन पुगेको बताउँछन्। उनी भन्छन्, "मुलुक अति गम्भीर अवस्थामा रहँदा सत्तारुढ नेकपा नेतृत्व सोच्न समेत नसकिने चलखेलमा अल्मलिएको छ।" यसलाई उनी जनस्वास्थ्य माथिको खेलबाड मान्छन्।

### साउदीमा...

गर्नुपर्ने कामदारहरुको मागप्रति कुनै टिप्पणी गरेको छैन।

दूतावासले केही कामदारहरुले संकटको घडीमा दोहोरो सुविधा लिएर अन्य पीडितहरुलाई अन्याय गरेको बताएको छ। दूतावासले भनेको छ, 'आफुलाई खाना नदिइएको भन्दै दूतावासमा गुनासो आए अनुसार गैर आवासीय नेपाली संघ र अन्य संघसंस्थामार्फत त्यस्ता पीडित भनिएका कामदारलाई दूतावासले खाद्यान्न उपलब्ध गराएकोमा उनीहरुलाई रोजगारदाता कम्पनीले खाद्यान्न नियमित दिइरहेका प्रमाणित जानकारी राजदूतावासले प्राप्त गरेको छ।'

दुतावासले अगाडि भनेको छ, 'यस पृष्ठभूमिमा दूतावासले संकटको परिस्थितिमा वास्तविक रुपमा खाद्यान्नको समस्यामा परेका नेपाली दाजुभाइ दिदीबहिनीहरुबीच मात्र खद्यान्न पुऱ्याउने कार्यमा सहयोग गरिदिन र दोहोरो सुविधा लिने कुनै काम नगर्न सजग गराउँदछौं।'

नेपाली दूतावासले त्यहाँ क्रियाशिल गैर आवासीय नेपाली तथा सञ्चारकर्मीहरुसँग छलफल गरी कोरोना संक्रमणबाट प्रभावितहरुको सूचना संकलनमा सहजता ल्याउन गत हप्ता अतिरिक्त टेलिफोन जडान गरेको थियो। तर समस्यामा परेको दावी गर्ने कामदार हरुले पटक पटक उक्त टेलिफोनमा सम्पर्क गर्दापनि रिसिभ नभएका कारण नयाँ टेलिफोन लाइन जडान गर्नुको अर्थ नदेखिएको टिप्पणी गरेका छन्।

नेपाली राजदूतावासले समस्यामा परेका नेपाली कामदार हरूलाई आइतबारदेखि शुक्रबारसम्म फोन नम्बर ०५०००३१७०५ तथा ०५०००३४७८६ मा बिहान ९ बजेबाट १२ बजे तथा दिउँसो १ बजेबाट ४ बजेसम्म सम्पर्क गर्न आग्रह गरेको छ।

### मलेसियामा...

संख्याका आप्रवासी कामदारहरु रहेको र उनीहरुले सामाजिक समस्या सिर्जना गरेको आरोप लगाउने गरेका छन्।

पक्राउ परेकाहरुसँग अवस्था एकिन गर्ने कागजात नभएका कारण उनीहरु अवैध कामदार हुन् वा रोहिंगिया शरणार्थी हुन् भन्ने छुट्याउन समेत समस्या रहेको सरकारी अधिकारीहरुको दावी छ। तर अधिकारकर्मीहरुले व्यापक रुपमा गरिने धरपकडले कोभिड १९ को परीक्षणमा समस्या निम्तने र त्यसले मलेसियालाई लामो समयसम्म स्वास्थ्य समस्यामा पार्ने चेतावनी दिएका छन्।

पक्राउ गरिएकाहरुलाई सुरक्षाका उचित स्वास्थ्य प्रवन्ध विना नै थुनुवा केन्द्रहरुमा राखिएको अधिकारकर्मीहरुको दावी छ। शरणार्थी र आप्रवासीहरुको अधिकारका पक्षमा काम गर्दै आएका अधिवक्ता रिचेल तान भन्छन्, 'सरकारी धरपकड अमानवीय छ, कलिला बालबच्चाहरुलाई समेत घर पालुवा जनवार सरह ट्रकमा कोचेर उचित सरसफाईको अभाव रहेका थुनुवा केन्द्रहरुमा लगेर कोचिएको छ।'

मे १२ सम्म आवागमन प्रतिवन्धको आदेश कार्यान्वयन गरिरहेको मलेसियाका अधिकारीहरुले मुख्य गरेर दक्षिण एशियाली कामदारहरु आवश्यक अनुमति विना नै हिंड्ने भन्दै उनीहरुलाई नियन्त्रण गर्न आगामी दिनहरुमा पनि धरपकड जारी राख्ने बताएका छन्। तर अधिकारकर्मी तान सरकारी अधिकारीहरुको कदमले आप्रवासीहरुलाई जवर जस्ती अपराधतर्फ धकेलेको दावी गर्छन्।

शनिबारसम्म ६ हजार १७६ जना संक्रमित भेटिएको मलेसियामा हालसम्म १ सय ३ जनाको कोरोनाका कारण मृत्यु भएको छ। शनिबार मात्र त्यहाँ १ सय ५ नयाँ संक्रमित फेला परेका छन्।

### साउदीले...

भिसा प्राप्त गरेका कामदारहरु साउदी अरब जान पाएनन्।

कोरोना भाइरसको संक्रमणका कारण साउदी सरकारका सरकारी तथा निजी क्षेत्रमाथि पर्न गएको आर्थिक भार कम गर्न यो निर्णय गरिएको बताइएको छ। साउदी अरबको राष्ट्रिय सूचना केन्द्रले त्यहाँको मानव संसाधन मन्त्रालय र विदेश मन्त्रालयले यो निर्णय कार्यान्वयन गराउने बताएको छ।

### अज्ञात...

बिरामीको लक्षणबारे पाएको जानकारी र अन्य पक्षबाट समेत अनुसन्धान गरिरहेको डा पोखरेलले बताए।

मृतकमध्ये सिकेन्द्र सिंह र सुकदेव (सिताई) महराको शव परीक्षण गरिएको छ। परीक्षण रिपोर्ट आएपछि मृत्युको कारणबारे यकिन हुने जिल्ला प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी उपरीक्षक श्यामकृष्ण अधिकारीले जानकारी दिए यसैबीच जिल्ला प्रहरी कार्यालयले मृतकमध्ये दुईको कोभिड-१९ सङ्क्रमण हो/होइन यकिन गर्न स्वाब सङ्कलन गरी पिसिआर परीक्षणका लागि प्रयोगशाला पठाइएको जनाएको छ। "मृतकको आरडिटी जाँच परिणाम नेगेटिभ आएको छ" प्रहरी उपरीक्षक अधिकारीले भने, "अब पिसिआर जाँचको र परीक्षण रिपोर्ट आएपछि यकिन हुनेछ।" थारु, मुसहर, चमार, बाँतर (सर्दार) सहितका जनजाति र दलित समुदायको सघन बसोबास रहेका ती बस्तीमा रहेको छ। मेघनाथ गोरहन्नामा एक साता पहिलेमात्र सीतापुर, औरही र जमुनियाँ प्रहरी चौकीको संयुक्त गस्तीले १६ हजार लिटरभन्दा बढी मदिरा बनाउने कच्चा पदार्थ र चारवटा भट्टी नष्ट गरेको थियो।

## हुण्डी कारोवारी पक्राउ

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिका १३ टङ्केश्वरस्थित कनक पेट्रोलपम्प नजिकबाट हुण्डी कारोवारमा संलग्न रहेको अभियोगमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। उनीहरुका साथबाट प्रहरीले नगद रु २४ लाख २१ हजारसमेत बरामद गरेको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

पक्राउ पर्नेमा भारत मोतियारी घर भई हाल ललितपुर सानेपा बस्ने ३९ वर्षीय रुपेशकुमार गुप्ता र काठमाडौं नयाँ बानेश्वर बस्ने बाग्लुङका ३५ वर्षीय सागर श्रेष्ठ रहेका छन्। उक्त रकममध्ये गुप्ताको साथबाट रु छ लाख २१ हजार र श्रेष्ठको साथबाट रु १८ लाख बरामद भएको हो।

उक्त स्थानमा हुण्डी कारोवार गरिरहेको भन्न सूचना प्राप्त हुनासाथ महानगरीय प्रहरीवृत्त कालिमाटीबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो। उक्त घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## पासमा आफैँ मिति सच्याएर गाडी दौडाउँदै

**काठमाडौं/रासस-** मुलुकमा कोभिड-१९ संक्रमणको जोखिम रोक्न शुरु गरिएको बन्दाबन्दी 'लकडाउन' मा प्रयोग हुने सवारी साधनलाई दिइने पासको दुरुपयोग हुनेक्रम अझै रोकिएको छैन भने त्यसको उल्लंघन गर्ने मानिसको संख्यामा समेत कमि हुन सकेको छैन।

झुठो विवरण पेश गरेर सवारी पास लिने तथा पुरानै पासलाई मिति सच्याएर प्रयोग गर्नेक्रम जारी छ। कतिपयले आफन्त बितेको भनेर पासको दुरुपयोग गरी मानिस चढाएको समेत फेला परेको प्रहरीले जनाएको छ। प्रहरी प्रधान कार्यालयका अनुसार अहिले पनि दैनिकजसो नै पासको दुरुपयोग हुनेक्रम जारी छ।

कोभिड-१९ को संक्रमण दैनिकरुपमा देखिँदै आएकाले जोखिम कायमै रहेको भन्दै वैशाख १५ पछि लकडाउनलाई सरकारले थप कडाइ गर्न प्रहरीलाई स्पष्ट निर्देशन दिएको थियो। सोही निर्देशनका आधारमा लकडाउनमा चलाउने सवारी सञ्चालनको निगरानीमा कडाइ गरिएको र अनावश्यकरुपमा बाहिर निस्किने व्यक्तिविरुद्धको कारवाहीलाई समेत तीव्र पारिएको नेपाल प्रहरीका प्रवक्ता नीरजबहादुर शाहीले जानकारी दिए। उनका अनुसार अहिले पनि मुलुकभर लकडाउन उल्लङ्घन गर्ने दैनिक तीन हजार मानिसलाई कारवाही गर्ने गरिएको छ।

महानगरीय प्रहरी कार्यालय काठमाडौँका प्रमुख प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेलले उपत्यकामा मात्रै लकडाउन उल्लंघन गर्ने ८१ हजारलाई कारवाही गरिएको जानकारी दिए। यो बीचमा पासको दुरुपयोग गर्ने र पुरानो पास प्रयोग गर्ने झण्डै दुई हजार २०० गाडीलाई समेत कारवाही गरिएको छ। मुलुकभर लकडाउन उल्लंघन गर्ने एक लाख १० हजारभन्दा बढीलाई कारवाही गरिएको छ। यो अवधिमा उपत्यकाका तीन जिल्लामा मात्रै दुई हजार २०० सवारी पास प्रहरीले खिचेको छ।

'धेरैजसो मिति सच्याएर चलाउने गरेको पाइयो,' महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भीमप्रसाद ढकालले भने, 'तोकिएको पासबाहेक कसैलाई छुट छैन, प्रहरीको पूरा निगरानी हुन्छ।' स्थानीय प्रशासनले गत चैत ११ देखि १८ गतेसम्मका लागि सेतो रङको सवारी पासको व्यवस्था गरेको थियो। लकडाउन थपिएपछि एकदिने, तीनदिने र सात दिने पहेँलो पास जारी भयो।

# हिमपहिरोमा हराएका सबैको शव फेला

**काठमाडौं/मस-** अन्नपुर्ण क्षेत्रमा हिमपहिरोमा परेर हराएका सातै जनाको शव फेला परेको छ। साढे तीन महिना अघिबाट हराएका चार कोरियालीसहित सबैको शव फेला परेको नेपाली सेनाले जनाएको छ।



गत माघ ३ गते अन्नपूर्ण आधार शिविरमा जाने क्रममा हिमपातपछि आएको हिमपहिरोमा कोरियाली पर्यटकसँगै तीनजना नेपाली पथप्रदर्शक र भरिया बेपत्ता भएका थिए। शुक्रबार एक कोरियाली पर्यटक र एक नेपालीको शव फेला परेपछि खोजी र उद्धार अभियान अन्त्य भएको सेनाले जनाएको छ।

नेपाली सेनाको पश्चिम पृतनाको समन्वयमा विशेष फौज बाहिनीअन्तर्गत पोखरामा रहेको सेकेण्ड रेञ्जर बटालियनबाट खटिएको खोज तथा उद्धार टोलीले शव संकलन गरी ल्याएको उक्त निर्देशनालयले जानकारी दिएको छ।

बाँकीको शव यसअघि नै फेला परिसकेको थियो। साढे तीन महिनादेखि नेपाली सेना, नेपाल प्रहरी र स्थानीय पर्यटन व्यवसायीले खोजी कार्यमा सघाउँदै आएका थिए। यो वर्ष लामो समय हिमपात भएका कारण हिउँले पुरिएका लाशको खोजीमा धेरै समय लागेको बताइएको छ।

# भीमदत्त नगरपालिकाद्वारा सात हजार मजदुर र विपन्न परिवारलाई राहत

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, २० बैशाख



कोरोना संक्रमण रोकथामका लागि सरकारद्वारा जारी गरिएको बन्दाबन्दी (लकडाउन) का कारण दैनिक मजदूरी गरेर जीवन निर्वाह गर्दै आएका मजदुर र विपन्न परिवारमाथि परेको समस्यालाई मध्यनजर गर्दै झण्डै सात हजार मजदुर र विपन्न परिवारलाई भीमदत्त नगरपालिकाले राहत उपलब्ध गराएको छ।

राहत बितरणलाई व्यवस्थित र पारदर्शी बनाउन नगरपालिकाले सर्वप्रथम संघीय सरकारको मापदण्ड अनुसार स्थानीय सबै वडाबाट विपन्न, असहाय र दैनिक ज्याला मजदुरी गर्ने परिवारको तथ्यांक संकलन गरेको थियो। सोहि तथ्यांकको आधारमा नगरपालिकाले एकद्वार प्रणालीमार्फत राहत वितरण गरेको हो।

सरकारले एकद्वार प्रणालीमार्फत राहत वितरण गर्ने मापदण्ड बनाएपछि गत चैत अन्तिम सातादेखि राहत वितरण सुरु गरिएको थियो। भीनपा ११ का अध्यक्ष प्रेम प्रसाद जैसीको नेतृत्वमा राहत वितरणका लागि समिति गठन गरी कार्य सुरु गरिएको थियो।

भीमदत्त नगरपालिकाका १९ ओटै वडाका ६ हजार ७ सय ७१ परिवारलाई राहत वितरण गरिएको नगरपालिकाका नगर प्रमुख सुरेन्द्र विष्टले जानकारी दिए। भीनपा १८ मा सबैभन्दा बढी परिवारलाई राहत वितरण गरिएको छ। वडा नं. १६ मा राहत पाउने एक हजार ६ सय परिवार छन्।

नगर प्रमुख सुरेन्द्र विष्टले संघीय सरकारको लकडाउनका कारण समस्यामा परेका विपन्न, मजदुर परिवारलाई राहत दिने नीतिअनुसार सबै वडाबाट तथ्यांक संकलन गरी राहत उपलब्ध गरिएको नगर प्रमुख सुरेन्द्र विष्टले बताए।

'संघीय सरकारको मापदण्ड अनुसार सबै वडाबाट आएको संख्याका आधारमा राहत उपलब्ध गराइएको छ,' नगर प्रमुख विष्टले भने, 'त्यो राहत सम्बन्धित परिवारले पाए नपाएको अनुमगन समेत भइरहेको छ।'

भीमदत्त नगरपालिकामा नगर उप प्रमुख सुशिला चन्द सिहको नेतृत्वमा राहत अनुगमन समिति गठन गरिएको छ। समितिले सबै वडामा अनुमगन गरि सकेको छ।

नगरपालिका कार्यालयले विभिन्न क्षेत्रबाट सहयोग स्वरुप आएको र खरिद गरी लकडाउनका कारण समस्यामा परेका परिवारलाई राहत उपलब्ध गराएको हो। सरकारले एकद्वार प्रणालीका आधारमा स्थानीय तहमार्फत राहत उपलब्ध गराउने मापदण्ड बनाएपछि विभिन्न संघ संस्थाले नगरपालिकालाई खाद्यान्न लगायतका राहत सामग्री सहयोग गरेका छन्।

कोरोना रोकथामका लागि नगरपालिकाले स्थापना गरेको विपद् व्यवस्थापन कोषमा विभिन्न क्षेत्रबाट नगद सहयोग समेत संकलन गरिएको छ। नगरपालिकाले पाँचौ नगर सभाबाट विपद् व्यवस्थापनका लागि कोष स्थापना गर्ने निर्णय गरेको थियो। उक्त कोषमा नगरपालिकाबाट ६१ लाख जम्मा गरिएको थियो।

भीमदत्त नगरपालिकामा राहत वितरणका लागि सम्बन्धित वडा अध्यक्षको नेतृत्वमा जनप्रतनिधि, टोल समितिका पदाधिकारी, नगरपालिकाका कर्मचारी र नगर प्रहरी परिचालन गरिएका छन्। भीनपाका सूचना अधिकारी हरि सिह धामीले सामाजिक दुरी (सोसल डिस्टेन्स) कायम गरी सबै वडामा संघीय सरकारको मापदण्ड अनुसार राहत वितरण गरिएको बताए। 'वडा कार्यालयको मातहतमा रहेर टोल समितिमार्फत टोल टोलमा राहतको वितरण गरिएको छ' सूचना अधिकारी धामीले भने, 'सोसल डिस्टेन्स कायम गरी चामल, दाल, तेल, नुन, साबुनलगायतका राहत सामग्री वितरण गरिएको छ।'

सूचना अधिकारी धामीले एकद्वार प्रणाली अन्तर्गत सबैलाई समानरुपमा मापदण्डका आधारमा राहत वितरण गरिएको बताए। 'कसैलाई दोहोरोरुपमा राहत वितरण नगरिएको र सबैलाई समानरुपमा राहत बाडिँएको छ' सूचना अधिकारी धामीले भने।

सरकारी मापदण्ड अनुसार बाँडिएको राहत पाएपछि मजदुर र विपन्न परिवारले लकडाउनमा छाक टार्न सहज भएको प्रतिकृया दिएका छन्। भीनपा १८ सालघारी सुकुम्वासी टोलका जया दमाईले लकडाउनले समस्यामा परेको बेला नगरपालिकाले राहत उपलब्ध गराए पछि छाक टार्न सहज भएको बताए। सिलाई पसलमा काम गरी दैनिक छाक टार्दै आएका दमाई लकडाउनले पसल बन्द भएपछि समस्यामा परेका थिए। 'पसल बन्द भयो, अनि समस्या भयो, त्यहीं बेलामा राहत पाएपछि सहज भयो' दमाईले भने।

भीनपा कार्यालयका अनुसार राहत पाउनेमा वडा नं. १ मा ३ सय १०, २ मा १ सय ३५, ३ मा ३ सय २५, ४ मा ७ सय ७६ र ५ मा ३ सय ७६ परिवार छन्। यसैगरी वडा नं. ६ मा ३ सय २०, ७ मा ४ सय, ८ मा २ सय, ९ मा ४ सय ९०, १० मा ७ सय, ११ मा १ सय ८०, १२ मा १ सय ७५ परिवारले राहत पाएका छन्। यस्तै वडा नं. १३ मा १ सय ४४, १४ मा १ सय ३४, १५ मा १ सय ४५, १६ मा १ सय, १७ मा १ सय, १८ मा १ हजार ६ सय र १९ मा १ सय ६१ परिवारलाई राहत वितरण गरिएको नगरपालिकाले जानकारी दिएको छ।

नेपाल सरकारले चैत ११ गतेदेखि कोरोना महामारी रोकथामका लागि बन्दाबन्दी घोषणा गरे पनि भीमदत्त नगरपालिकाद्वारा भने त्यसको दुई दिन अघि नै लकडाउन गरिएको थियो। पश्चिमी सीमा नाका गड्डाचौकीका कारण संघीय सरकारको घोषणा अघि नै लकडाउन गरिएको थियो। लकडाउन पछिल्लो पटक बैशाख २५ सम्म लम्ब्याइएको छ।

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०१/२१ गते

श्री दुर्पाला सामुदायिक वन उपभोक्ता समुह सिम्ता गा. पा. २, सुर्खेतको सामुदायिक वनबाट ०७६।०७७ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको विभिन्न जातको गोलीया थान ८८ को ६५२.५९ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय सिम्ता गा.पा. २, सुर्खेत र डि.व.का. सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री दुर्पाला सामुदायिक वन उपभोक्ता समुह,**
**सिम्ता गा.पा. - २, सुर्खेत**

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०१/२१ गते

श्री प्रगतिशिल सामुदायिक वन उपभोक्ता समुह सिम्ता गा. पा. २ र ३, सुर्खेतको सामुदायिक वनबाट ०७६।०७७ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको विभिन्न जातको गोलीया थान १६५ को २२३६.०५ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय सिम्ता गा.पा. २ र ३, सुर्खेत र डि.व.का. सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री प्रगतिशिल सामुदायिक वन उपभोक्ता समुह,**
**सिम्ता गा.पा. - २ र ३, सुर्खेत**

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०१/२१ गते

श्री नव सृजनशिल सामुदायिक वन उपभोक्ता समुह सिम्ता गा. पा. ३, सुर्खेतको सामुदायिक वनबाट ०७६।०७७ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको विभिन्न जातको गोलीया थान २१५ को २४९४.८९ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय सिम्ता गा.पा. ३, सुर्खेत र डि.व.का. सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री नव सृजनशिल सामुदायिक वन उपभोक्ता समुह,**
**सिम्ता गा.पा. - ३, सुर्खेत।**

# उत्तर कोरियाका सर्वोच्च नेता किम २० दिन पछि सार्वजनिक



**सोल, रासस**-उत्तर कोरियाका सर्वोच्च नेता किम जोन अन झण्डै २० दिन पछि पहिलो पटक सार्वजनिक भएका छन् । स्वास्थ्य अवस्था विग्रिएको र गम्भीर अवस्थामा रहनु भएको हल्ला चरिरहेका बेला उहाँ सार्वजनिक हुनुभएको हो । दक्षिण कोरियाको राज्यद्वारा सञ्चालित योन्हाप समाचार संस्थाका अनुसार उनी यसअघि गत अप्रिल ११ तारिखदेखि सार्वजनिक भएका थिएनन् ।

सरकारी सञ्चार माध्यमले उनी दक्षिणी प्योङयाङ प्रान्तको सुन्चोनमा भएको एक कार्यक्रममा सहभागी भएर सार्वजनिक भएका हुन् ।

समाचार संस्थाका अनुसार शनिबार एउटा रासायनिक मल उद्योगको उद्घाटन कार्यक्रममा किमले रिबन काट्नु भएको तस्बिर सार्वजनिक गरिएको छ। कार्यक्रममा किमसँगै उनकी बहिनी किम यो जङ पनि देखिएकी छिन् । उनी सार्वजनिक नभएको बेला दक्षिण कोरियाका अधिकारीहरूले किम गम्भीर विरामी भएको दाबी गरेको समाचारहरू पटक पटक सार्वजनिक भएका थिए ।

उनका आफ्ना हजुरबुवाको जन्मजयन्ती समरोहमा उनको अनुपस्थितिलाई आधार मनेर उनलाई अस्वस्थ भएको दाबी गरिएको थियो ।

उत्तर कोरियाली पात्रोमा उनका हजुरबुवा किम इल सङको जन्मजयन्ती समारोह ठूला कार्यक्रममध्ये एक मानिन्छ । त्यस दिन उनी अघिल्ला बर्ष आफ्ना हजुरबुवाको चिहानस्थल जाने गर्थे । तर, यस पटक भने अनुपस्थित भएकाले उनको स्वास्थ्य अवस्थाबारे विश्वभवरी नै अड्कलबाजी र अनेक हल्ल चलेको थियो । उनको स्वास्थ्यको विषयमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि पटक पटक प्रतिक्रिया दिदै चासो देखाएका थिए । उनले किम आफ्नो अति अनत्य मित्र भएको र सम्वन्ध राम्रो हुदै गएको जानकारी पनि दिएका थिए । अहिले किम पुनः सार्वजनिक रूपमा देखिएको बारेमा भने ट्रम्पले आफूले टिप्पणी गर्न नचाहेको प्रतिक्रिया दिएका छन् । उत्तर कोरियाली सञ्चारमाध्यमले किम अहिले सार्वजनिक रूपमा देखिएको भन्दै दिएको विवरणलाई स्वतन्त्र रूपमा पुष्टि गर्ने अन्य आधार नभएकाले कतिपयले अझै पनि अविश्वास गरेका छन् ।

**किमको स्वास्थ्यसम्बन्धी समाचार किन आयो ?**

उत्तर कोरियाली नेता किम जोङ अनको स्वास्थ्यसम्बन्धी गम्भीर सुचनाहरू सार्वजनिक भएको करिब तीन हप्तापछि शनिबार उहाँको तस्बिर नै सार्वजनिक भएको छ ।

शनिबार उत्तर कोरियाली सञ्चारमाध्यमहरूले उहाँले कुनै एक सार्वजनिक समारोहमा सहभागी भएको तस्बिर सार्वजनिक गरेका छन् । त्यस समाचार र तस्बिर विश्वका कैयौँ सञ्चारमाध्यमले सार्वजनिक गरेका छन् ।

यस समाचारलाई दक्षिण कोरियाली सञ्चारमाध्यमको माध्यमबाट अझ धेरै स्थानमा तथा विश्वव्यापी रूपमा पुऱ्याइएको पाइएको समाचारमा जनाइएको छ ।

यसअघि उनी गम्भीर रूपमा विरामी परेको समाचार कतिपयले दिएका थिए भने केहीले त उनको मृत्यु भएको समेत समाचार दिएका थिए ।

**तर यो समाचार किन र कसरी आयो भन्ने बारेमा**

तर पनि उनी जिवीतै रहेको दक्षिण कोरियाको सुरक्षा एजेन्सीले केही दिनअघि सार्वजनिक गरेको थियो । सोही समाचारलाई सत्य ठहराउँदै उनी शनिबार सार्वजनिक रूपमा देखिएका हुन्। उनलाई केही दिनयता गम्भीर रूपमा विरामी रहेको अथवा कतिपयले त उहाँको निधन भएको भन्नेजस्ता समाचार दिएका थिए ।

तर यसै हप्ताको सुरुमा दक्षिण कोरियाका राष्ट्रपति मुन जाय इनका प्रमुख सुरक्षा सल्लाहकार मुन चुन इनले कोरियाली सरकारको सूचनामा उनी स्वस्थ्य र जिवीतै रहेको पाएको समाचार दिएको थियो ।

दक्षिण कोरियाली सो एजेन्सीले उत्तर कोरियाली नेता किम त्यहाँको पूर्वी भूभागमा रहेको वानसन रिसोर्टमा अप्रिल १३ देखि बसेको जानकारी दक्षिण कोरियाली सरकारले पाएको बताएको थियो । खासगरी उत्तर कोरियाली नेता अन अप्रिल १५ मा उत्तर कोरियाको एक महत्वपूर्ण कार्यक्रममा उपस्थित नभएपछि विश्वका सञ्चारमाध्यमहरूले उहाँको त्यस अनुपस्थितिबाट प्रश्न उठाएका थिए । त्यसदिन नेता किमका हजुरबुबा किम इल सुङको जन्मदिन थियो । त्यस अवसरमा उत्तर कोरियामा विशेष राष्ट्रिय कार्यक्रमको आयोजना गर्ने गरिन्छ।

किम इल सुङ उत्तर कोरियाका संस्थापक हुन् । त्यस कार्यक्रममा उत्तर कोरियाली नेताको विशेष उपस्थिति हुने गर्दछ ।

तर त्यस दिन उहाँ किन त्यहाँ उपस्थित भएन भन्ने प्रश्नबाट नै उनको स्वास्थ्यसम्बन्धी चासो बाहिर आएको मानिन्छ । यसै घटनालाई लिएर केहीले उनी गम्भीर विरामी रहेको त केहीले उनको निधन नै भइसकेको समाचार बाहिर ल्याएका थिए ।

दक्षिण कोरियाकै केही पत्रिकाले नेता किमको अप्रिल १२ मा मुटुको शल्यक्रिया गरिएको र त्यसपछि उनको स्वास्थ्य अवस्था गम्भीर रहेको बताएको थियो । पछि सो पत्रिकाले उत्तर कोरियाको गोप्य स्रोतलाई उद्धृत गर्दै उनको स्वास्थ्यमा सुधार हुँदै गएको भनेर पनि समाचार दियो ।

उनको बारेमा यस्तो समाचार आएको यो पहिलो पटक भने होइन। सन् २०१४ मा पनि उनको गम्भीर प्रकृतिको शल्यक्रिया गरिएको र स्वास्थ्य गम्भीर रहेको समाचार दिइएको थियो । लामो समयपछि उनी सार्वजनिक भएका थिएनन् ।

यतिखेर उहाँ सार्वजनिक भइसकेपछि पनि अब उनको उत्तराधिकारी को होला भन्ने विषयमा विभिन्न सञ्चारमाध्यमहरूले समाचार खोजी गर्न थालेका छन् । साथै यतिखेरका विश्वका विभिन्न देशका सञ्चारमाध्यमहरूले उत्तर कोरियाको आणविक कार्यक्रम र आणविक वार्ता कहाँ पुग्यो भनेर पनि समाचार दिएका छन् ।

# पुरस्कार रकम कोरोना प्रभावितलाई

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० वैशाख



विश्वब्यापी महामारीको रुप लिइरहेको कोराना भाइरसका कारणले नेपालमा ६ सातादेखि लकडाउन गरिएको छ। यसले कम आय भएका मजदूर वर्ग पीडित छन् । नेपालमा गएको मंसिर महिनामा सम्पन्न १३ औं दक्षिण एसियाली खेलकुदमा पदक जितेकी एकजना खेलाडीले सरकारले दिएको पुरस्कार रकमको आधा हिस्सा कोरोनाले सिर्जित परिस्थितिबाट पार पाउन संघर्षरत परिवारलाई हस्तान्तरण गरेकी छिन् ।

नेपाल प्रहरी क्लवकी एलिना महर्जनले सागमा टेवलटेनिसको टिम इभेन्टमा काश्य जितेकी थिइन् । उनले पाएको २ लाख पुरस्कारमा १ लाख बराबरको खाद्यन्न सामाग्री आफ्नो टोल कामनपा नयाँबजारमा बसोबास गर्ने २ सय विपन्न परिवारलाई हस्तान्तरण गरेकी हुन् ।

'देशमा परेको असहज परिस्थितिमा आफ्नो तर्फबाट सहयोगको प्रयास गरेकी हुँ,' एलिनाले भनिन्, 'टोलका दाइहरु मिलेर हाम्रो टोलमा बसोबास गर्नुहुने त्यस्ता परिवारलाई उनीहरुकै ठाउँमा पुगेर राहत दिएका हौं ।'

उनले प्रति परिवार ५ किलो चामल, १ किलो दाल, १ किलो चिउरा, १ पोका तेल र १ पोका नून राहतमा उपलब्ध गराएकी हुन्। वडा नम्बर १६ को स्वीकृतिमा सामाजिक दूरी र सम्भावित खतरालाई ख्यालमा राखेर राहत वितरण गरिएको उनले बताइन् ।

मंसिर १५ देखि २४ सम्म सम्पन्न सागको टेवलटेनिसको टिम इभेन्टमा एलिनासहित ५ खेलाडी सम्मिलित नेपाली टोली तेस्रो भएको थियो । उनीहरुले सरकारले घोषणा गरेको पुरस्कारबापतको रकम बैशाख पहिलो साता पाएका थिए ।

# समीक्षाको उपचारमा सहयोग जुट्दै



**काठमाडौं, मस–** दुर्घटनामा परेर दाँया आँखामा गम्भिर चोट बोकेकी महिला फुटबलर समिक्षा थापाको उपचारका लागि एकपछि अर्को सहयोगी हातहरु अगाडी आइरहेका छन ।

विराटनगरस्थित आँखा अस्पतालमा उपचार गराइरहेकी समिक्षाको उपचारका लागि अखिल नेपाल फुटबल संघ एन्फाको महिला विभागले ५० हजार रुपैयाँ सहयोग गरेको छ ।

यसअघि एन्फाले २५ हजार र विराटनगरस्थित सांग्रिला स्पोर्टिङ क्लवले २५ हजार रुपैयाँ सहयोग गरेको थियो । यस्तै खेलाडीहरु मिलेर पनि ब्यक्तिगत रुपमा सहयोग गरेका थिए । यस्तै मनाङले पनि उनको उपचारमा ३० हजार रूपैयाँ सहयोग गरेको छ। उदयपुरकी बासिन्दा समिक्षाले यू १६ फुटबल प्रतियोगितामा नेपालबाट प्रतिनिधित्व गरेकी थिइन । उनको आँखामा खेतमा काम गरिरहेका बेला ढुंगा उछिट्टिएर आँखामा छिरेको थियो । जसका कारण उनको दाँया आँखामा गम्भिर चोट लागेको थियो ।

यसैबीच, एन्फाका पूर्व अध्यक्ष गणेश थापाले यु १६ महिला टिमकी खेलाडी समीक्षा मगरको उपचार खर्च एन्फाले व्योहर्नु पर्नेमा जोड दिएका छन् । आँखामा गम्भीर समस्या भएपछि विराटनगरमा उपचार गराईरहेकी समीक्षाका लागि विभिन्न ठाउँबाट सहयोग उठाउने क्रम शुरु भएका बेला पूर्व अध्यक्ष थापाले उनको उपचारमा एन्फाले सहयोग गर्नुपर्नेमा जोड दिएका हुन् ।

एन्फाले पदाधिकारी र परिवार हरुको उपचारमा सम्पूर्ण खर्च व्यहोरोको बताउँदै खेलाडीको पनि सबै खर्च एन्फाले व्यहोनु पर्नेमा जोड दिए ।

# महिला खेलाडीको मुद्दा अदालतबाट खारेज



**न्युयोर्क, एजेन्सी–** अमेरीकी महिला फुटबलरले पुरुष र महिला खेलाडीको पुरस्कारमा विभेद भएको भन्दै दायर गरेका मुद्दा खारेज भएको छ । उनीहरुले पुरुष र महिलाको पुरस्कार राशी समान हुनुपर्ने भन्दै अदालतमा मुद्दा दर्ता गरेका थिए । जसमा अदालतले अमेरीकी फुटबल फेडेरेसनको पक्षमा सुनुवाई गरेको छ । क्यालिफोर्नियामा रहेको अमेरीकी जिल्ला अदालतले उनको सो मुद्दालाई खारेज गरेको छ ।

अदालतले महिला फुटबलरको सो आरोपमा कुनै यथार्त नभएको र महिला खेलाडीले पनि पुरुषकै तुलनामा पुरस्कार पाइरहेको ठहर गरेको थियो। तर अदालतले महिला खेलाडीले भ्रमण गर्दा, प्रशिक्षण, घर र अरु क्षेत्रमा भने पुरुषको तुलनामा कम सुविधा पाएको बताएको छ ।

अदालतको यो निर्णयले महिला खेलाडीलाई आश्चार्यमा पारेको छ । उनीहरुले यो लडाई जारी रहने बताएका छन् । बराबरीका लागि कहिले पनि पछाडी नहट्न र निरन्तर लड्ने अमेरीकी महिला फुटबल टिमकी खेलाडी मेगनले बताएकी छिन् ।

# भारतमा संक्रमितको संख्या ३७ हजार नाघ्यो



**नयाँ दिल्ली, एजेन्सी**–भारतमा 'कोभिड-१९' संक्रमितको संख्या ३७ हजार ३३६ पुगेको जनाइएको छ । कोरोना भाइरस संक्रमणको कारण भारतभर पछिल्लो २४ घन्टायता ७१ जनाको मृत्यु भएको छ । योसँगै भारतमा कोरोना संक्रमणबाट ज्यान गुमाउनेको संख्या १ हजार २१८ पुगेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

गएको २४ घन्टायता भारतमा २ हजार २९३ जना कोरोना भाइरसका नयाँ संक्रमित थपिएका छन । भारतभर गएको २४ घन्टायता संक्रमितको संख्या हालसम्मको नै सब भन्दा बढी भएको मन्त्रालयले जनाएको छ । यी संक्रमितहरूमध्ये ९ हजार ९५१ जना भने उपचारपछि निको भएर फर्किएका छन् । मन्त्रालयले दिएको जानकारीअनुसार हाल यहाँ २७ हजार ३८५ कोरोनाका संक्रमित विरामी अस्पतालमा उपचाररत रहेका छन् ।

भारतको महाराष्ट्र कोरोना भाइरसबाट अत्यन्त प्रभावित राज्यको रूपमा रहेको यहाँ मात्र संक्रमितहरूको संख्या ११ हजार ५०६ रहेको र ४८५ जनाले ज्यान गुमाएका छन् । एक हजार ८७९ उपचारपछि फर्किएका स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

महाराष्ट्रपछि गुजरात यस भाइरसको संक्रमण दोस्रो स्थानमा रहेको र यहाँ ४ हजार ७२१ संक्रमित रहेका छन् । यस राज्यमा ७३५ जना उपचारपछि घर फर्किएका छन् । गुजरातमा यस भाइरसको सक्रमणको कारण २३६ जनाको ज्यान गएको छ ।

गुजरातपछि यस भाइरसको संक्रमण तेस्रो स्थानमा दिल्ली रहेको छ । भारतको अन्य कैयौ राज्यमा कोरोना भाइरसको संक्रमण रहेको छ । त्यसैकारण भारतमा पुनः लकडाउन थपिएको छ ।

कोराना भाइरसको (कोभिड-१९ ) को संक्रमण फैलिने क्रम नरोकिएपछ भारत सरकारले देशव्यापी लकडाउनलाई थप दुइ साताको लागि लम्बाएको छ ।

भारतले शुक्रबार मे ४ देखि लागू हुने गरी थप दुइ साताको लागि तेस्रो चरणको लकडाउन गर्ने निर्णय गरेको छ । भारतमा पहिलो चरणको लकडाउन २४ मार्चमा लगाइएको थियो ।

दोस्रो लकडाउन १५ अप्रिलमा शुरु भएको थियो । दोस्रो लकडाउन मे ३ मा सकिदै थियो । कोरोना भाइरसको संक्रमण देशभरी बढ्दै गएपछि दोस्रो लकडाउन नसकिदै तेस्रो लकडाउनको घोषणा गरिएको छ ।

# दिल्लीका ११ जिल्ला उच्च जोखिममा

**नयाँदिल्ली, एजेन्सी–** भारतको दिल्ली प्रदेशका ११ जिल्लालाई उच्च जोखिमको सूचि (रेड जोन) बाट तत्काल नहटाइने भएको छ । दिल्ली प्रदेशका स्वास्थ्य मन्त्री सत्यन्द्र जैनले यही मे १७ तारिखसम्म ११ जिल्लालाई उच्च जोखिमको सूचिबाट नहटाइने शनिबार जानकारी दिएका हुन् ।

'दिल्लीका ११ जिल्लालाई हामीले यही मे १७ सम्म उच्च जोखिमका जिल्लाको सूचिमा राखिने छ,' उनले भने । कुनै पनि जिल्लामा कोरोनाभाइरसबाट संक्रमित विरामीको संख्या दशभन्दा बढी भएमा त्यस जिल्लालाई उच्च जोखिमको जिल्लाका रूपमा सूचिकृत गरिने व्यवस्था रहेको पनि उनले जानकारी दिए । केन्द्रीय स्वास्थ्य मन्त्रीले पनि शुक्रबार देशभरका १३० जिल्ला उच्च जोखिमपूर्ण जिल्लाको सूचिमा रहेको बताएका थिए ।

यही मे ४ तारिखदेखि देशव्यापी लकडाउनको म्याद फेरी थप्ने निर्णय भएकैदिन उहाँले रेड जोनमा रहेका जिल्लाहरूको सूचि बनाइएको जानकारी दिएका हुन् । उनका अनुसार देशभरका २८४ जिल्लालाई 'ओरेन्ज जोन' र ३१९ जिल्लालाई 'ग्रिन जोन'का रूपमा सूचिकृत गरिएको छ ।

# चीनको हुबे प्रान्तमा थप कोरोना संक्रमण नभएको दाबी



**वुहान, एजेन्सी**–चीनको मध्य प्रान्त हुबेमा थप कोही व्यक्तिमा कोरोना भाइरस संक्रमण नदेखिएको प्रान्तीय स्वास्थ्य निकायले जनाएको छ । चीनको हुबे प्रान्तको वुहान शहरबाट गत डिसेम्बरको अन्त्यबाट पहिलो पटक कोरोना भाइरसको सक्रमण देखिएको थियो ।

यसैलगत्तै विश्वको कैयौ देशमा फैलिएको यस कोरोना भाइरसको संक्रमण हाल विश्वका २१० भन्दा बढी देश देखिएको छ।

यस भाइरसबाट विश्वभरी शनिबार अपराह्नसम्म ३४ लाख २ हजार २४० संक्रमित भएका छन. । यस भाइरसको संक्रमणको कारण विश्वभरी २ लाख ३९हजार ६२७ जनाको मृत्यु भइसकेको छ।

यस भाइरसबाट संयुक्त राज्य अमेरिका सव भन्दा बढी प्रभावित भएको छ । यहाँ ११ लाख ३१ हजार ४९२ संक्रमित भएका छन्, भने ६५ हजार ७७६ जनाको मृत्यु भएको छ ।

स्पेनमा २ लाख ४२ हजार ९८८ संक्रमित भएका छन्,भने २४ हजार ८२४ जनाको मृत्यु भएको छ । यसैगरी विश्वका शक्तिशाली देशहरू इटाली , बेलायत , फ्रान्स, जर्मनी, टर्की रुस यस भाइरसबाट अत्यन्त प्रभावित भएको छ ।

शुरुमा यस भाइरसको प्रकोप देखिएको चीनमा ८२ हजार ८७५ कोरोना भाइरसको संक्रमण देखिएको छ । हालसम्म चीनमा यस प्रकोपबाट ४ हजार ६३३ को मृत्यु भएको छ ।


## सामुह बाहिर काठ विक्रि सम्बन्धी सूचना

यस सामुदायिक वनबाट उत्पादनभई विभिन्न समुहमा ग्रेडिङ गरी घाटगद्दीमा विभिन्न ग्रेडिङमा संकलन गरिएको खोटे सल्लो थान १२६ को १३०४.६ क्युफिट काठ जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचनापाटीमा टांस गरिएको छ ।

**श्री रसुवा सामुदायीक वन उपभोक्ता समुह**
**रौतामाई-२, उदयपुर**

## सामुह बाहिर काठ विक्रि सम्बन्धी सूचना

यस सामुदायिक वनबाट उत्पादनभई विभिन्न समुहमा ग्रेडिङ गरी घाटगद्दीमा विभिन्न ग्रेडिङमा संकलन गरिएको लट नम्बर १ को साल गोलिया थान ४७ को ५६९.७३ क्युफिट, लट नम्बर २ को साज गोलिया थान ८ को ५५.२५ क्युफिट, लट नम्बर ३ को सिरिस गोलिया थान ४ को ४०.४८ क्युफिट, लट नम्बर ४ को चिलाउने गोलिया थान ४ को ५८.४२ क्युफिट र गत बर्षको साल जातको गोलिया १२ थानको ६०.१९ क्युफिट २०७६/०७७ का लागि समुह बाहिर बिक्रि गर्नु पर्ने भएकोले जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १४ दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री डुम्रीथुम्का सामुदायीक वन उपभोक्ता समुह**
**रौतामाई-७, उदयपुर**

## जस्तो सीप उस्तै रोजगार

**मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर**

OXFORD International

**अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.**
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

**वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।**

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np

श्रम इजाजत पत्र नं. ११६/०५५/५६

राष्ट्रिय सूचना प्रविधि दिवस २०७७

## डिजिटल पेमेण्टको प्रवर्द्धनमा सरोकारवालाको जोड

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ बैशाख

कम्प्युटर एशोसिएशन नेपाल महासंघ (क्यान महासंघ)का अध्यक्ष नवराज कुँवरले कोरोनाभाइरसका कारण सिर्जित विशेष परिस्थितिमा व्यवसायी तथा सरोकारवालाहरुले सञ्चार तथा सूचनासम्बन्धी नवीन प्रविधिको प्रयोग र प्रवर्द्धन गर्ने बारेमा विशेष पहल गर्नु पर्ने बताएका छन् ।

कम्प्युटर एशोसिएशन नेपाल (क्यान महासंघ)ले राष्ट्रिय सूचना प्रविधि दिवस २०७७ (नेशनल आईसीटी डे २०२०)को अवसरमा सनिबार आयोजना गरेको 'गो डिजिटल - गो क्याशलेस' वेबिनारमा बोल्दै उनले सरकार र यस क्षेत्रका व्यवसायीका लागि क्याशलेस प्रणाली प्रवर्द्धनका लागि यो एउटा अवसर पनि भएको बताए । 'सम्पूर्ण विश्व अहिले व्यवसाय, शिक्षा, व्यापार र स्वास्थ्य समेत अनलाईनबाटै सञ्चालन गरिरहेको छ । त्यसैले यो नयाँ प्रणाली विकासका लागि उपयुक्त अवसर हो,' कुँवरले भने ।




कार्यक्रममा सूचना प्रविधि बिभागमा महानिर्देशक प्रेमशरण श्रेष्ठले नेपाल सरकारको तर्फवाट माननीय संचार तथा सूचना प्रविधि मन्त्री डा.युवराज खतिवडाले र मन्त्रालयका सचिव दीपक सुवेदीले दिएको शुभकामना सन्देश पढेर सुनाएका थिए ।

खासगरी अनलाईनबाट कारोबार तथा व्यवसाय सञ्चालन गर्दा हुने फाइदा तथा चुनौतिका बारेमा सम्बन्धित व्यक्तिहरुमा जनचेतना फैलाउन ज्यादै जरुरी रहेको बताउँदै उनले त्यस दिशामा सरकारले पनि उचित पहल गर्ने विश्वास व्यक्त गरे ।

कोरोनाभाइरसबाट सिर्जित यस संकटको घडीमा तीनै तहका सरकारलाई सूचना तथा सञ्चार प्रविधि क्षेत्रका लागि व्यवसाय विकास तथा प्रवर्द्धनको वातावरण निर्माण गर्न र यस क्षेत्रमा स्वदेशी व्यवसायी तथा उद्यमीहरुको क्षमता अन्तरराष्ट्रिय स्तरको रहेकाले सरकारले खरीद गर्ने सञ्चार तथा सूचना प्रविधिसम्बन्धी सेवामा नेपाली व्यवासायी तथा कम्पनीहरुलाई विशेष प्राथमिकता दिन पनि कुँवरले अनुरोध गरेका छन् ।

वेबिनारमा बोल्दै राष्ट्र बैंकका निर्देशक सुवास घिमिरेले नेपालमा डिजिटल पेमेण्टको विकास र प्रवर्द्धनलाई केन्द्रीय बैंकले प्राथमिकता दिएको बताए । नियामक निकायले प्रविधिको विकास र व्यवसाय सञ्चालनका लागि वातावरण निर्माण गर्ने र मूल्य तोक्ने कार्य बजारलाई छाडिदिनु पर्ने धारणा उनले राखेका थिए ।

तर डिजिटल पेमेण्टको कारोबार गर्ने अनुमतिप्राप्त संस्थाले प्रणालीमा खराबी आउन नदिन विशेष ध्यान दिनु पर्छ, उनले भने । उनका अनुसार क्याशलेस पेमेण्टको प्रणालीमा खराबी आउँदा वित्तीय स्थायित्वमै असर पर्न सक्छ ।

वेबिनारमा शुभकामना सन्देश दिँदै कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले अहिले विश्व डिजिटलाइजेशनमा गइरहेको अवस्थामा नेपालमा पनि तीनै तहका सरकार र निजी क्षेत्रको सहकार्यमा अगाडी बढ्नु पर्ने बताए । नेपालजस्तो भौगोलिक बनावटले बनेको देशको समृद्धिको एकमात्र विकल्प सूचना प्रविधि नै रहेको उनको भनाइ थियो ।

प्रधानमन्त्रीका सूचनाप्रविधि सल्लाहकार अस्गर अलीले सरकारले क्याशलेस प्रणालीलाई अझ सरल र सबल बनाउन काम गरिरहेको बताए । उनले यस प्रणालीका सकारात्मक तथा नकारात्मक पक्षका बारेमा चर्चा गरेका थिए ।

नेपाल क्लियरिङ हाउसका प्रमुख कार्यकारी अधिकृत निलेशमान सिंह प्रधानले क्याशलेस प्रणाली स्थापना गर्न एनएचसीएलले योगदान दिएको बताए ।

बैंकर एशोसिएशन नेपालका आईसीटी कमिटिका अध्यक्ष नारायण प्रकाश भुजुले क्याशलेस प्रविधिको विस्तारका लागि स्थानीय तहमा प्रवर्द्धन र क्षमता विकासका कार्य गर्नु पर्ने सुझाव दिए ।

विगतका वर्षमा आईसीटी डेमा प्रभातफेरी, प्रदर्शनी, रक्तदान, सम्मेलन तथा गोष्ठी र चेतनामूलक कार्यक्रमलगायत गतिविधिहरुको आयोजना हुने गरेकोमा यो वर्ष विभिन्न डिजिटल कार्यक्रमहरु गरिरहेको क्यान महासंघका महासचिव नारायण थापाले बताए ।

करीब ८ सय जना सहभागी सो कार्यक्रममा पूर्वमन्त्री गणेश शाह, सूचना विभागका निर्देशक प्रेमशरण श्रेष्ठ, क्यान युएसएका अध्यक्ष विद्या सुवेदी, संस्थापक अध्यक्ष विमलकुमार शर्माले दिवसको अवसरमा शुभकामना दिएका थिए ।

## कैलाली उद्योग वाणिज्य सङ्घद्वारा पाँच लाख बराबरको सहयोग

**कैलाली/मस**–कैलाली उद्योग वाणिज्य सङ्घले धनगढी उपमहानगरपालिकाअन्तर्गतको विपद् व्यवस्थापन समितिलाई राहत सामग्री हस्तान्तरण गरेको छ । आज उद्योग वाणिज्य सङ्घका अध्यक्ष पुष्पराज कुँवर नेतृत्वको टोलीले धनगढी उपमहानगरपालिकाका प्रमुख नृपबहादुर वडलाई रु एक लाख ६९ हजार बराबरको खाद्यान्न र रु तीन लाख ३२ हजार नगद उपलब्ध गराउने गरी समझदारीपत्र हस्तान्तरण गरिएको बताइएको छ ।




सङ्घका अध्यक्ष पुष्पराज कुँवरले नगद र खाद्य सामग्री गरेर रु पाच लाख एक हजार बराबरको राहत उपमहानगरपालिकालाई उपलब्ध गरेको बताए । जिल्लाका होटल, हार्डवयर, किराना, मदिरा, इलेक्ट्रोनिक्स, पोल्ट्री, तरकारी, पुस्तकलगायत व्यवसायी सङ्घहरूको सहयोगबाट राहत हस्तान्तरण गरिएको बताइएको छ ।

## कतार एयरवेज ३०९ नागरिक बोकेर फर्कियो

**काठमाडौं/मस**–कोभिड-१९ को जोखिम हुन नदिन लकडाउन जारी रहदा नेपालमा रोकिएका विभिन्न ५४ मुलुकका ३०९ विदेशी नागरिक लिई कतार एयरवेजको वाइडबडी जहाज फ्रान्सको पेरिसतर्फ उडेको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका अनुसार नेपालस्थित फ्रान्सेली दूतावासले चार्टर गरेको सो उडान कतारको दोहा हुँदै पेरिस पुग्नेछ । जहाजमा युरोपेली मुलुक तथा दक्षिण अफ्रिका, इजरायल, अमेरिका, क्यानडालगायत मुलुकका नागरिक छन् ।

यो उडानसहित लकडाउन अवधिमा कतार एयरवेजको ११ उडान भएको छ । कतारपछि नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स) ले आठ अन्तर्राष्ट्रिय उडान गरेको छ । नेपालबाट तीन नेपालीसहित ३० वायु सेवा प्रदायक कम्पनीले उडान भर्दै आएका छन् ।

सरकारले २०७६ चैत ११ देखि देशभार लकडाउन गरेको छ । पछिल्लो पटक आगामी वैशाख २५ सम्म लकडाउनलाई निरन्तरता दिने निर्णय भएको छ । यो अवधिमा गत चैत १० गतेदेखि आगामी जेठ २ गतेसम्म नेपालमा उडान भर्ने सबै अन्तर्राष्ट्रिय हवाई उडान प्रतिबन्ध गरिएको छ ।

## ७० प्रतिशत उद्योगले चैत महिनाको पारिश्रमिक दिएनन्



**काठमाडौं, रासस**– सरकारले औपचारिक क्षेत्रका श्रमिकलाई उद्योगीले चैत महिनाको पूरा पारिश्रमिक दिनुपर्ने निर्णय गरे पनि ७० प्रतिशत उद्योगले सरकारी निर्णयको उपेक्षा गरेको पाइएको छ । नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) आबद्ध समग्र उद्योग ट्रेड यूनियन नेपाल (ह्वीन) ले औद्योगिक घनत्व रहेका पाँच प्रदेशका २१९ उद्योगमा लकडाउन अवधिको पारिश्रमिक वितरण, लकडाउनमा उद्योग सञ्चालनको अवस्था र सामाजिक सुरक्षा कोषमा सूचीकरणसम्बन्धी प्रारम्भिक सर्वेक्षणमा ३० प्रतिशत उद्योगले मात्र चैत महिनाको पूरा पारिश्रमिक दिएको पाइएको हो ।

प्रदेश नं १ मा ८७ प्रतिशत, प्रदेश नं २ मा ५८, बागमती प्रदेशमा ६८, गण्डकी प्रदेशमा ६८ र प्रदेश नं ५ मा शतप्रतिशत श्रमिकले नियमित पारिश्रमिक नपाएको अवस्था देखिएको । केही उद्योगले भने नियमित पारिश्रमिक पाइरहेको पाइएको छ । नियमित पारिश्रमिक दिने उद्योगमा बहुराष्ट्रिय कम्पनी, हाइड्रोपावर, खाद्य र औषधीजन्य रहेका छन् । यी उद्योग लकडाउन अवधिमा पनि सञ्चालित थिए । सरकारले औपचारिक क्षेत्रका उद्योग/कलकारखानामा काम गर्ने श्रमिकलाई चैत महिनाको पूरा पारिश्रमिक प्रदान गर्नू भनी राजपत्रमा सूचना प्रकाशित गरेपनि व्यवसायीले सरकारको निर्णय कार्यान्वयन गर्न गम्भीरता नदेखाएको ह्वीनका अध्यक्ष आनन्द थामीले बताए । श्रमिकको पारिश्रमिक दिलाउन सरकारले गम्भीर कदम चाल्नुपर्नेमा जोड दिँदै उनले श्रमिकको पारिश्रमिक नदिने व्यवसायी वा रोजगारदातालाई राज्यले दिने सुविधा रोक्नुपर्ने बताए ।

लकडाउनको अवधिमा २४.६५ प्रतिशत उद्योगहरू नियमितरूपमा सञ्चालनमा रहेको पाइएको छ । आंशिकरूपमा १५ प्रतिशत उद्योग सुचारु भए पनि करिव ६० प्रतिशत उद्योगले पूर्ण रूपमा लकडाउनको पालना गरेको सर्वेक्षणमा पाइएको थियो । सरकारले औषधि, स्वास्थ्य उपकरण, खाद्यवस्तु, खानेपानी, दूध र इन्धन उत्पादन गर्ने उद्योगबाहेक नीजि क्षेत्रबाट सञ्चालित अन्य उद्योग कलकारखानामा काम गर्ने श्रमिक, कर्मचारीहरूलाई सम्बन्धित उद्योगले बिदा दिने व्यवस्था मिलाउन निर्देशन दिएको थियो ।

सर्वेक्षणअनुसार ५२.९६ प्रतिशत उद्योग सामाजिक सुरक्षा कोषमा सूचीकरण भएको र जसमध्ये १५.५२ प्रतिशतले मात्र उद्योगमा कार्यरत श्रमिक मात्र कोषमा सूचीकरण भएको पाइएको छ । कोषमा सूचीकरण नभएका उद्योग तथा श्रमिकले सरकारले ल्याएको प्याकेजबाट वञ्जित भएका छन् । कोषमा आबद्ध भएका उद्योग र श्रमिकले व्यहोर्नुपर्ने चैत महिनाका योगदान रकम सरकार आफैंले तिरिदिएको छ । त्यसका लागि सरकारले करिब रु १९ करोड कोषलाई निकासा गरिसकेको छ । उद्योग/प्रतिष्ठानले समयमै आफ्ना श्रमिकलाई कोषमा सूचीकृत नगर्दा ८५ प्रतिशत श्रमिक राज्यबाट वितरण राहतबाट वञ्जित हुनु परेको ह्वीनका अध्यक्ष थामीले बताए ।

## अनुदानमा धानको बीउ



**सिन्धुली/मस**–यहाँको तीनपाटन गाउँपालिकाले ५० प्रतिशत अनुदानमा उन्नत जातको धानको बीउ वितरण गर्ने भएको छ । भूगोल र माटो सुहाउँदो उन्नत जातको धानको बीउ वितरण गरी उत्पादनमा वृद्धि गर्ने उद्देश्यले धानको बीउ वितरण गर्न लागिएको हो ।

गाउँपालिका उपाध्यक्ष पदममाया तामाङले आर्थिक वर्ष २०७६/७७ को वार्षिक गाउँसभाबाट स्वीकृत तेस्रो चौमासिक कार्यक्रमअन्तर्गत किसानलाई उन्नत जातको धानको बीउ वितरण गर्न लागिएको जानकारी दिए । उनले भने, "पूरै अनुदानमा किसानलाई धानको बीउ वितरण गर्दा सही सदुपयोग हुन नसक्ने भन्दै किसान र गाउँपालिकाको ५० प्रतिशत र किसानको ५० प्रतिशत मूल्यमा धानको बीउ वितरण गर्न लागिएको हो ।"

गाउँपालिकाको कृषि शाखा लाम्पान्टारबाट ५० प्रतिशत अनुदानमा धानको बीउ वितरण भइरहेको हुँदा आफूलाई पायक पर्ने कृषि प्राविधिक, गाउँपालिका कृषि शाखा तथा ११ वटै वडा कार्यालयमा सम्पर्क गरी धानको बीउ लिन उनले आग्रह गर्नुभयो । मागको आधारमा किसानलाई धानको बीउ वितरण गरिने उनको भनाइ छ ।

गरिब, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरुद्ध सबै सचेत, सजग र क्रियाशील रहनु पर्दछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




## फेसबुकबाटै खोल्नुहोस् एनएमबीमा खाता

NMB BANK
एनएमबि बैंक

**काठमाडौं/मस**– एनएमबी बैंकले फेसबुकको म्यासेन्जरबाटै खाता खोल्ने सुविधा ल्याएको छ । यो सेवाबाट मुद्दती निक्षेप र नविकरण गर्न सकिने बैंकले जानकारी दिएको छ ।

छरितो वित्तीय सुविधा दिनका लागि यो स्मार्ट सेवा ल्याइएको बैंकले जानकारी दिएको छ । फेसबुकबाटै बैंकिङ सेवा दिन लागिएको यो नेपालमै पहिलोपटक भएको बैंकले जानकारी दिएको छ ।

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews YouTube Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**